दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
**सुपर काइनेटिक कुरियर्स सर्भिस**
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ९९ | बुटवल | २०८१ चैत २३, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Apr. 05, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## शिक्षक महासंघ वार्तामा बस्न अनिच्छुक



बुटवल । आन्दोलनरत शिक्षक महासंघले कार्यबहाक प्रधानमन्त्री प्रकाशमान सिंहसहितको टोलीसँग वार्ता गर्न अस्वीकार गरेको छ ।

महासंघको टोलीसँग छलफल गर्न शुक्रबार ३ बजेका लागि सिंहदरबारमा बोलाइएको थियो । तर, महासंघ वार्तामा बस्न अस्वीकार गरेको छ । 'वार्तामा बोलाएको हो । वार्ता होइन शिक्षा ऐन खोजेको हो,' आन्दोलन परिचालन समितिको संयोजक एंव महासंघका सह-अध्यक्ष नानुमाया पराजुलीले भनिन्-'हामी आन्दोलनको मैदानमा छौं । सिंहदरबार जादैनौं ।'

बिहीबार कार्यवाहक प्रधानमन्त्री सिंहको अध्यक्षतामा सरकारी सरोकारवाला पक्षबिच छलफल भएको थियो । त्यसलगत्तै सरकारी टोलीले महासंघलाई बोलाएको थियो । शिक्षक महासंघको टोली नगए पनि सरकारी टोली भने छलफलमा सहभागी भएका थिए ।

शिक्षा ऐन जारी गर्न माग गर्दै देशभरबाट शिक्षकहरू काठमाडौं आएका छन् । २० चैतदेखि उनीहरूले काठमाडौंमा प्रदर्शन गरिरहेका छन् । गत २०८० असोजमा भएको सहमतिअनुसार ऐन जारी गर्न शिक्षकहरूले माग गरिरहेका छन् । पटकपटक सम्झौता गरेर सरकारले धोका दिएको भन्दै महासंघले अन्तिम लडाइँ भएकाले सहमति मात्र नगर्ने अडान लिएका छन् ।

## जनमतका उपाध्यक्ष निलम्बित

बुटवल । जनमत पार्टीले अनुशासन समिति संयोजकसमेत रहेका पार्टी उपाध्यक्ष दीपककुमार साहलाई निलम्बन गरेको छ ।

सुनसरीका साहलाई ६ महिनाका लागि पार्टीबाट निलम्बन गरिएको जनमत पार्टीले जनाएको छ । फागुन २१ गते उपाध्यक्ष साहलाई पार्टी अनुशासन समितिले स्पष्टीकरण सोधेको थियो । उनले फागुन २७ गते बुझाएको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै ६ महिनाका लागि निलम्बन गरिएको अनुशासन समितिको भनाइ छ ।

स्पष्टीकरण सोधेपछि उपाध्यक्ष साहले अध्यक्ष सिके राउतविरुद्ध फेसबुकमा लेख्न लगाएकोसमेत आरोप छ । साथै अनुशासन समितिलाई नै ४८ घन्टे अल्टिमेटम दिएर धम्क्याएको आरोप छ ।

'तपाईंले जनमत पार्टीलाई भोट नहालेको स्वीकार गर्नु भएकै छ, राष्ट्रिय उपाध्यक्षको पदमा बसेर जनमत पार्टीलाई भोट नहाल्नु अक्षम्य अपराध हो । पार्टी अध्यक्षज्यूको पारिवारिक मामिलामा तपाईंकी श्रीमतीले प्रहरीमा उजुरी दिन गएको, पत्रकारकहाँ अन्तर्वार्ता दिँदा सँगै रहेको सबै प्रमाणित तथ्य हुन् । पार्टी अध्यक्षज्यूको पारिवारिक मामिलामा यसरी षड्यन्त्र गर्ने र त्यस पारिवारिक विषय उठाएर उल्टा कार्यकर्ता र विभिन्न ठाउँमा अध्यक्षज्यूलाई हटाउन लबी गर्नु अक्षम्य अपराध हो,' निलम्बन गरेको पत्रमा भनिएको छ-'पार्टीको विधान २०७५ को धारा ३९ (क) को उपधारा १, २, ३, ५, ६, १० र ११ उल्लंघन गरेको देखिएकोले तपाईंलाई पार्टीको सबै पदबाट ६ महिनाका लागि निलम्बन गरिने व्यहोरा सूचित गरिन्छ ।'

उपाध्यक्ष तथा अनुशासन समिति संयोजक नरेन्द्रप्रसाद चौधरी र केन्द्रीय सचिवसमेत रहेकी अनुशासन समिति सदस्य सचिव अनिताकुमारी मण्डलले उपाध्यक्ष साहलाई निलम्बन गरेको पत्रमा हस्ताक्षर गरेका छन् ।

# नेपाल–भारत सम्बन्धमा 'आइसब्रेक'

### ओली–मोदी भेटवार्ताले दुई मुलुकबिचको चिसोपना हट्ने संकेत देखिएको छ ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रधानमन्त्री केपी शर्मा ओली र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीबिच बैंककमा भएको 'न्यायो' भेटवार्ताले नेपाल–भारत सम्बन्धमा देखिएको चिसोपना हट्ने संकेत देखिएको छ ।

ओली-मोदी चिसोपनाले नेपाल-भारत सम्बन्धमा गतिरोध देखिएको थियो । ओली प्रधानमन्त्री भएको नौ महिना बित्न थाल्दा उनले भारत भ्रमणको निम्ता पाएका छैनन् । भारतका प्रधानमन्त्री मोदीले पनि नेपाल भ्रमणको निम्ता पाएर यहाँ आएका छैनन् ।

दुई प्रधामन्त्रीबिच बैंककको ओरियन्टल होटलमा ४० मिनेट एक्लाएक्लै भेटवार्ता भएको हो । भेटवार्ता पछि दुवै प्रधानमन्त्रीले सकारात्मक छलफल भएको प्रतिक्रिया दिए । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल एक्समा हिन्दी भाषामा भेटवार्ताबारे जानकारी गराएका छन् भने भारतका प्रधानमन्त्री मोदीले नेपाली भाषामा भेटवार्तामा भएको छलफलबारे जानकारी गराएका छन् ।

मोदीसँगको भेट प्रतिनिधिमण्डलस्तरमा हुने बताइएको थियो । प्रधानमन्त्री ओलीसहित परराष्ट्रमन्त्री आराजु राणा, प्रधानमन्त्रीका प्रमुख राजनैतिक सल्लाहकार विष्णु रिमाल, आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, मुख्य सचिव एकनारायण अर्याल र परराष्ट्र सचिव अमृतबहादुर राई सहभागी हुने भनिएको थियो । दुई प्रधानमन्त्रीबिच विश्वासको वातावरण बनेपछि एक्लाएक्लै भेटवार्ता भएको हो ।

प्रधानमन्त्री ओलीले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटमा सकारात्मक र राम्रो कुराकानी भएको बताएका छन् । भेटवार्तापछि बाहिरिने क्रममा राससका प्रतिनिधिलाई प्रतिक्रिया दिँदै प्रधानमन्त्री ओलीले मोदीसँग सकारात्मक कुराकानी भएको बताएका हुन् ।

'म र भारतीय प्रधानमन्त्री मोदीजीबिच राम्रो र सकारात्मक संवाद भएको छ ।'-उनले भने ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक)को छैटौं शिखर सम्मेलन सकिएपछि उनीहरूबिच पूर्वनिर्धारित तालिकाअनुसार भेटवार्ता भएको हो । यसअघि उनीहरुबिच संयुक्त राष्ट्रसङ्घको ७९औं महासभामा भाग लिने क्रममा संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा गत असोज ७ गते भेटवार्ता भएको थियो ।

प्रधानमन्त्री ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँगको भेट अत्यन्त सार्थक रहेको भन्दै खुशी व्यक्त गरेका छन् । उनले सामाजिक सञ्जाल एक्समा मोदीलाई मेन्सन गर्दै लेखेका छन्-'मेरा प्रिय मित्र, प्रधानमन्त्री श्री नरेन्द्र मोदीजीसँग आत्मीय र सौहार्दपूर्ण भेट भयो । हाम्रो वार्ता अत्यन्त सार्थक र सकारात्मक रह्यो । यस आत्मीय भेटवार्ताप्रति म खुशी व्यक्त गर्दछु ।'

बिमस्टेक सम्मेलनका क्रममा उनीहरूबिच वनअनवन भेटवार्ता भएको हो । भेटका क्रममा दुई नेताहरूबिच नेपाल र भारतको झन्डासहितको औपचारिक सेटिङमा बसेर कुराकानी भएको तस्विर पनि ओलीले साझा गरेका छन् ।

प्रधानमन्त्री ओलीसँग भेटवार्ता गरेका भारतीय प्रधानमन्त्री मोदीले नेपालसँगको सम्बन्ध भारतको सधैं प्राथमिकतामा रहेको बताएका छन् ।

एक्समा ओलीलाई मेन्सन गर्दै मोदीले लेखेका छन्-'बैंककमा प्रधानमन्त्री केपी शर्मा ओलीसँगको भेटघाट फलदायी रह्यो । भारतले नेपालसँगको सम्बन्धलाई ठूलो प्राथमिकता दिएको छ । हामीले भारत-नेपाल मित्रताका विभिन्न पक्षहरू विशेष गरी ऊर्जा कनेक्टिभिटी, संस्कृति र डिजिटल प्रविधिजस्ता क्षेत्रहरूमा छलफल गऱ्यौं । हामीले यस वर्षको बिमस्टेक शिखर सम्मेलनबाट प्राप्त केही प्रमुख सकारात्मक परिणामहरू विशेष गरी विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रहरूमा पनि कुरा गऱ्यौं ।'

यो भेटले दुई देशबिचको सम्बन्धलाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ । यसअघि सन् २०२४ को सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभाका क्रममा पनि यी दुई नेताहरूबीच भेट भएको थियो ।

उनले यस वर्षको बिमस्टेक शिखर सम्मेलनबाट प्राप्त सकारात्मक नतिजा, विशेष रूपमा विपद् व्यवस्थापन र समुद्री यातायातका क्षेत्रमा भएका प्रगतिबारे पनि छलफल भएको उल्लेख गरे ।

नेपाल र भारतबिच पछिल्लो समयमा ऊर्जा र डिजिटल क्षेत्रमा सहकार्यले गति लिएको छ । भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट बिजुली आयात गर्ने सम्झौता गरेको छ ।

यसका साथै, नेपालको बिजुलीलाई बंगलादेशसम्म निर्यात गर्न भारतले आफ्नो प्रसारण पूर्वाधार उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

त्यस्तै, ६६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाको विकासका लागि भारतको एनएचपीसी लिमिटेडसँग परियोजना विकास सम्झौता भएको छ । डिजिटल क्षेत्रमा पनि दुई देशबिच सहकार्य बढ्दो छ । सीमापार इ-पेमेन्ट प्रणालीको सुरुआतले व्यापार, पर्यटन र रेमिट्यान्स प्रवाहलाई सहज बनाएको छ ।

# सुप्रिम सहकारी ठगीमा रविलाई थुनामा पठाउने उच्च अदालतको



**लुम्बिनी संवाददाता**
*बुटवल*

उच्च अदालत तुलसीपुर बुटवल इजलाशले सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा रास्वपाका सभापति रवि लामिछानेलाई पनि थुनामा पठाउने आदेश दिएको छ ।

यसअघि जिल्ला अदालतले रविलाई एक करोड धरौटीमा रिहा गर्ने आदेश गरेको थियो । उच्च अदालत तुलसीपुरको बुटवल इजलासका न्यायाधिश रमेश ढकाल र स्वीकृति पराजुलीको संयुक्त इजलासले जिल्लाको आदेश बदर गर्दै थुनामा पठाउने आदेश गरेको हो ।

बुटवलको सुप्रिम सहकारी ठगी र संगठित अपराधसम्बन्धी कसुरमा पूर्वडीआइजी छविलाल जोशीबारे जिल्ला अदालतले गरेकै आदेश उच्च अदालतबाट पनि सदर भएको छ । यो आदेश पनि न्यायाधीश ढकाल र पराजुलीको संयुक्त इजलासले जिल्लाकै आदेश सदर गरेको हो । जिल्ला अदालत रुपन्देहीले जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो ।

त्यसविरुद्ध परेका निवेदनमा बिहीबारदेखि नै सुनुवाइ सुरु भए पनि बहस नसकिएपछि शुक्रबारलाई हेर्दाहेर्दैमा राखिएको थियो । शुक्रबार साँझ अदालतले यस्तो आदेश गरेको हो ।

सुप्रिम सहकारी ठगी प्रकरणमा गत माघ १३ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले छविलाल जोशीलाई भने पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको थियो । जोशी कारागारमा छन् । जिल्ला अदालत रुपन्देहीका न्यायाधीश वशिष्ठकुमार घिमिरेको इजलासले पूर्वडीआइजी जोशीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो ।

यस्तै रवि एक करोड धरौटी बढी भएको भन्दै साधारण तारेखमा राख्ने आदेश बदर गर्न र छवि आफूलाई थुनामा पठाउने आदेश बदर गर्न माग गर्दै छुट्टाछुट्टै मितिमा उच्चमा निवेदन लिएर पुगेका थिए । यी सबै निवेदन एकसाथ हेर्ने आदेश यसअघि भएको थियो । त्यसैगरी रविलाई थुनामा राख्न माग गर्दै जिल्ला सरकारी वकिल कार्यालयले उच्चमा निवेदन दिएका थिए ।

सुप्रिम सहकारीमा रवि, छवि र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ । उनीहरुले सहकारीको ५५ करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको अभियोग छ ।

रवि, छवि र जीबीले यसमध्ये १० करोड ९९ लाख ३६ हजार रकम छुट्टै अपचलन गरेको अभियोगमा उल्लेख छ । जीबी राई भने फरार छन् ।

सोही मुद्दामा जिल्ला अदालत रुपन्देहीका न्यायाधीश वशिष्ठकुमार घिमिरेको इजलासले गोर्खा मिडियाका सञ्चालकसमेत रहेका पूर्वडीआइजी जोशीलाई भने पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको थियो ।

थुनाको आदेशविरुद्ध जोशीका छोरा रोचक जोशीले उच्च अदालतमा निवेदन दर्ता गराएका थिए । उक्त निवेदनमा पनि प्रारम्भिक सुनुवाइ गर्दै माघ ३० मा उच्च अदालतले कैफियत प्रतिवेदन झिकाउन आदेश गरेको थियो ।

यसअघि सरकारी वकिलले लामिछानेको मुद्दा पनि जोशीसँगै राखेर सुनुवाइ गर्न माग गरेपछि इजलासले लामिछानेको कैफियत प्रतिवेदन माग गरेको थियो ।

सुप्रिम सहकारीमा रवि, छवि र गीतेन्द्रबाबु (जीबी) राईसहित ४२ जनाको संलग्नतामा सहकारीको ५५ करोड बढी रकम अपचलन भएको र रवि, छवि र जीबीले मात्र छुट्टै १० करोड ९९ लाख ३६ हजार रकम अपचलन गरेको पूरक अभियोगसहितको मुद्दा जिल्ला सरकारी वकिल कार्यालयले अघि बढाएको थियो ।

तर जिल्ला सरकारी वकिलको कार्यालयले समान प्रकृतिको मुद्दामा रविलाई धरौटी र छविलाई थुना भएपछि रविलाई पनि थुनामै राख्नु पर्ने अपिल गर्दै उच्च अदालत पुगेको थियो भने उता छविलालले पनि धरौटीमा छुट्न पाउनु पर्ने भन्दै उच्चमै निवेदन दर्ता गराएका थिए ।

सोही मुद्दामा धरौटी लिएकोमा साधारण तारेखमै मुद्दा लड्न पाउनु पर्ने भन्दै रविले पनि ७३ नम्बर दर्ता गराएका थिए । समान प्रकृतिका मुद्दामा छुट्टाछुट्टै ७३ नम्बर दर्ता भएपछि उच्च अदालत बुटवलले एकैसाथ हेर्ने आदेश दिएपछि अहिले उच्चमा यो मुद्दा अघि बढेको थियो ।



पाहुर
दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
तपाईंका लागि...
२०८१ चैत २३, गते शनिबार

**बिट्विन द लाइन्स्...**

खबर आएन
म दिनभर बेचैन भएँ
खबर आएपछि
म रातभर हैरान भएँ

– विक्रम सुब्बा

# प्यालेस्टाइन र यासेर अराफात



रामचन्द्र श्रेष्ठ



"अराफातले चार दशकदेखि प्यालेस्टाइनी नेताको रुपमा खेलेको भूमिकालाई हडप्ने षडयन्त्र भइरहेको छ। म भन्छु उनीहरू अराफातलाई जिउँदै गाड्ने कोशिस गर्दैछन् ।"

यासेर अराफात फ्रान्सको पर्सी सैनिक अस्पतालमा कोमामा रहँदा उनकि श्रीमती सुहा अराफातले आजभन्दा आठ वर्ष अगाडि अराफातको स्वास्थ्यमाथि भइरहेको षड्यन्त्रलाई इशारा गर्दै भनेको कथन हो यो ।

मृत्युको आठ वर्ष पछि अराफातको शव चिहानबाट निकालियो । विश्वका विभिन्न देशका वैज्ञानिकहरूले साठी वटा नमुना बनाई अराफातको अवशेषको अनुसन्धान गरे । जसरी संसारका चर्चित घटनाहरुको खोज रहस्यको गर्भमा अनन्तकालको लागि हराउँछ त्यसैगरी यो अनुसन्धानको नतिजा पनि चर्चाविहिन भयो । आज प्यालेस्टाइनमा पुनः इजरायली आक्रमण चर्किदै छ ।

सबैभन्दा खतरनाक हो भाषाको राजनीति । ठूला भनिएका सञ्चार माध्यमले प्रयोग गर्ने भाषा हो– इजरायल प्यालेस्टाइन युद्ध । तर, निहत्था प्यालेस्टाइन त लडेकै छैन । प्यालेस्टाइनका साधारण जनता, निर्दोष बालबालिका, ज्येष्ठ नागरिक र महिलाहरुसँग आँसु, वेदना र धिक्कारको स्वरबाहेक के नै छ र ? तर, अमेरिकाको आडभरोसामा विश्वको सबैभन्दा अत्याधुनिक हतियार प्रयोग गरिरहेको इजरायलले हाकाहाकी नरसंहार मच्चाइरहेको छ । यो सानो लेखमा प्यालेस्टाइको समस्याको कारण र स्वतन्त्रताको लागि जीवनभरी सङ्घर्ष गरेका नेता– यासेर अराफातको संक्षिप्त चर्चा गरिएको छ ।

**के हो प्यालेस्टाइन समस्या ?**

आज समाचार बनिरहने प्यालेस्टाइन काँडेतारले घेरिएको झ्यालखाना जस्तो देश हो । राजनीति शास्त्रमा उल्लेख गरिने राज्यका तत्वहरू बिना जनताको मनमा जिवित देशको नाम हो प्यालेष्टाइन । आज भन्दा ५ हजार वर्ष अगाडिदेखि नै अरब मूलका प्यालेस्टाइनीहरू बसोबास गर्ने देश प्यालेस्टाइन अस्तित्वमा थियो । त्यस प्यालेस्टाइन माथि इजरायलीहरूले आक्रमण गरी तीन सय वर्षसम्म शासन गरेका थिए र इजरायलको स्थापना गरेका थिए । पछि सिरिया र बेबिलोनका शासकहरूबाट पराजित भएपछि इजरायलको अस्तित्व मेटिएको थियो र प्यालेस्टाइनको पूनर्स्थापना भएको थियो । पर्सियन, ग्रीक, रोमन, बाइजान्ताइन र अट्टोमन साम्राज्य हुँदै यो भूमि सन् १९१८ देखि बेलायती साम्राज्यको अधिनमा रहेको थियो ।

बेलायत साम्राज्यको अधिनकै अवधिमा नै प्यालेस्टाइनको समस्या अथवा इजरायलको निर्माणको खेती सुरु भएको हो । इजरायल स्थापनाको षड्यन्त्र यहुदीवादसँग गासिएको छ । सन् १८९५मा थेओडर हर्जले 'यहुदी राज्य' भन्ने पुस्तक निकालेपछि यहुदीवाद राजनैतिक आन्दोलनको रुपमा शुरु भयो । यहुदी इतिहास पनि थाहा नभएको र हिब्रु भाषा पनि नजान्ने हर्ज नै यहुदीवादका सिद्धान्तकारको रुपमा उदाए । उक्त पुस्तकले बाइबलको पुरानो करारको हवाला दिँदै जेरुसेलमलाई यहुदीहरूको पुरानो राज्यको रुपमा व्याख्या गरेर यहुदी राज्यको अवधारणा ल्याइदियो । पुस्तकले यहुदी जातिलाई 'परमेश्वरको सबैभन्दा प्यारा', 'सर्वश्रेष्ठ मानिसहरू'को रुपमा प्रस्तुत गऱ्यो । यहि यहुदीवाद नै इजरायल स्थापनाको आधार बन्न पुग्यो । तेलको स्रोत रहेको र रणनीतिक हिसाबले साह्रै महत्वपूर्ण क्षेत्र भएको हुनाले यस भू-भागमा आफ्नो हात माथि पार्न बेलायत जस्ता साम्राज्यवादी शक्तिहरूले इजरायल स्थापनाको दुषित बीउ रोप्न शुरु गरे । यहुदी जातिलाई यस भु-भागमा पुनर्वास गराउने रणनीति नै इजरायल स्थापनाको शुरुवात थियो । सन् १९१७ सम्ममा ५६ हजार र १९३१ सम्ममा १,७२,९८० जना यहुदी पुऱ्याइयो जतिखेर प्यालेस्टाइनीहरूको संख्या ६ देखि ७लाख थियो । यहुदीहरूको यो पुनर्वास योजना दोस्रो विश्वयुद्धको समयमा हिटलरको यहुदी जाति माथिको दमनको कारणले झनै बढ्दै गयो ।

यी शरणार्थी यहुदीहरूले विश्वभरका धनी व्यापारी यहुदीहरूले दिएको चन्दा र साम्राज्यवादी शक्ति देशहरूले दिएको आर्थिक सहयोगले जमिन किन्न थाले । खेती योग्य जमिन किन्ने, हडप्ने र लखेट्ने नीति अंगिकार गरेर यहुदी संख्या विस्तार गरिन थालियो । यसलाई बेलायती साम्राज्यले आड दिदै गयो । साम्राज्यवादी देशहरूले यहुदी राज्य स्थापना गर्ने षड्यन्त्र गरिरहेका थिए । उनीहरू आफूले कमै यहुदीहरूलाई शरण दिन्थे तर यो भुमिमा धेरै यहुदी शरणार्थीलाई पठाउँथे । जस्तो कि सन् १९३२ देखि १९३५ सम्ममा १लाख ४४ हजार यहुदीहरूले यहाँ शरण लिदाँ अमेरिकामा जम्मा १४ हजार यहुदीहरूले शरण पाएका थिए भने बेलायत र फ्रान्समा नगन्यले मात्रै । शरणार्थी यहुदीहरू र अरबी मुलका प्यालेस्टाइनीहरू बीच संघर्ष भई नै रहन्थ्यो ।

सन् १९४७ नोभेम्बर २९ मा संरा संघले मतदानको नाटक गरेर बहुसंख्यक प्यालेस्टाइनीको मनोभावना विपरीत प्यालेस्टाइन राष्ट्रलाई यहुदीको इजरायल र प्यालेस्टाइनीहरूको प्यालेस्टाइनको रुपमा विभाजित गऱ्यो । भन्ने गरिन्छ इजरायल बेलायती साम्राज्य र यहुदीवादको अनैतिक सम्बन्धले जन्मिएको सन्तान हो । सन् १९४८ मे १५ मा बेलायती सेनाहरू फिर्ता भइसकेपछि अरब-इजरायल युद्ध शुरु भयो । बेलायत, फ्रान्स, अमेरिकाको आर्थिक र सैनिक सहयोगमा इजरायलले अरब देशहरूलाई हराएपछि प्यालेष्टाइनको ७८ प्रतिशत भू-भाग कब्जा भयो । पछि १९५६ र १९६७ मा भएको युद्धमा बाँकी २२ प्रतिशत प्यालेस्टाइनी भू-भाग पनि गुम्यो । त्यो दिनदेखि प्यालेस्टाइन त्यहाँका जनताका मनमा मात्र जिवित थियो । अनेक घुम्तीहरू पार गरेको सैनिक र कुटनैतिक संघर्ष पश्चात सन् १९९३मा भएको 'ओस्लो सम्झौता' पछि १८ प्रतिशत भु-भाग फिर्ता भयो साथै सिमित अधिकार सहितको प्यालेस्टाइनको स्थापना भयो ।

**को हो यासेर अराफात ?**

सन् १९७४ नोभेम्बर १३को दिन होचो-होचो, गोलो अरबी अनुहार भएको, शिरमा कफन जस्तो सेतो भूईमा कालो बुट्टा भएको कफिया लगाएको एक व्यक्ति संरा संघको साधारण सभामा उपस्थित थियो । कम्मरमा पेस्तोल लट्किएको त्यो व्यक्तिले संसारका विभिन्न देशका प्रतिनिधीहरूलाई भन्यो- "म एक हातमा जैतुनको फूल (शान्तिको प्रतिक) र अर्को हातमा स्वतन्त्रताको बन्दुक लिएर आएको छु । कृपया मेरो हातबाट जैतुनको फूल खस्न नदिन यहाँहरूसँग अनुरोध गर्दछु ।"

विश्व जगत्‌लाई यसरी शान्तिको चेतावनी दिने त्यो व्यक्तिको नाम थियो- यासेर अराफात । सन् १९२९ अगष्ट ४मा प्यालेस्टाइनी भू-भागमा जन्मिएको (केही जीवनीकारका अनुसार अगष्ट २४ मा कायरोमा जन्मिएका) अराफातको वास्तविक नाम हो- मोहम्मद अब्देल रहमान अब्देल रऊफ अराफात अल कुदवा अल हुबेनी । यति लामो नाम अराफातले बोकेनन् । उनी चर्चित भए यासेर अराफात नामले नै । किशोर अवस्था देखिनै विद्रोही स्वभावका अराफातले १९ वर्षकै उमेरमा प्यालेस्टाइन लगायत अरब जगतसँग इजरायलले गरेको युद्धमा सहभागी हुन विश्वविद्यालयको कक्षा छोडेका थिए । सन् १९५३ मा इजिप्टमा भएको सैनिक विद्रोहका नेता जनरल मोहम्मद नगीबलाई आफ्नै रगतले "डन्ट फर्गेट प्यालेस्टाइन" भन्ने तीन शब्दको चिठ्ठी लेख्ने अराफात सिभिल इन्जिनियरिङ्गमा स्नातक थिए । बेलायत, अमेरिका र इजरायलले स्वेज नहरमाथि आधिपत्यको प्रश्नमा इजिप्टमाथि हमला गर्दा उनी इजिप्सियन सेनाको रिजर्भ अफिसर्समा भर्ना भए । त्यहाँ उनले सेकेण्ड लेफ्टिनेण्टको रुपमा सैन्य सेवा गरे । इजिप्टमा सत्तासिन कर्नेल अब्दुल नासेरले अरब समाजवादको झण्डा उचालेर आफ्नो नेतृत्व अन्तर्गत सिंगो अरबको एकताको कुरा गरिरहँदा यासेर गाजापट्टिमा छापामार गतिविधि गर्दै थिए । स्वेज नहरको विषयमा भएको सम्झौता अनुसार नासेरले प्यालेस्टाइनी छापामारहरूलाई घेराबन्दी गरी निःशस्त्र बनाए पछि अराफातहरू एक्लिए ।

अराफात स्वतन्त्रताको प्रतिक हो । अराफातले एकपटक भनेका थिए, "म विद्रोही हुँ र स्वतन्त्रता मेरो विद्रोहको कारण हो ।" स्वतन्त्रताको यो दियो दमनकै कारणले निभेन बरु फरक स्वरुपमा फेरि दन्कदैं गयो । नासेरद्वारा निःशस्त्र पारिएपछि अराफात कुवेत गएर सन् १९५८मा 'अल फतह' नामक संगठन निर्माण गरे । अल फतहको अर्थ हो- विजय । अल फतहले आत्म बलिदान दिन तत्पर लडाकू "फेदायीन"हरूलाई संगठित गऱ्यो र छापामार संघर्ष जारी राख्यो । पछि अराफातले प्यालेस्टाइन मुक्ति मोर्चाको नेतृत्व गरे । सन् १९६७को ६ दिने युद्धमा मृत्युको नजिक पुगेर जोगिन सफल भएपछि अराफातको प्रख्याती बढ्दै गयो । सन् १९६८ मार्च २१मा जोर्डनी गाउँ अल कार्मेहमा भएको संघर्षमा इजरायललाई पराजित गरेर मात्र होइन कुटनैतिक संघर्षले पनि अराफातले जनमत जित्दै गए र प्यालेस्टाइनको पक्षमा विश्वमत बटुल्दै गए । कुटनैतिक प्रयासकै फलस्वरुप पोप पाँल छैटौं पछि कुनै राष्ट्रलाई प्रतिनिधित्व नगरी संरा संघलाई सम्बोधन गर्ने व्यक्ति बने अराफात । १९८१ मा तत्कालिन सोभियत संघले क्रेमलिनमा उनको भव्य स्वागत गऱ्यो र मुक्ति मोर्चालाई राजनीतिक मान्यता दियो । मोर्चाले राजदुतावास पनि खोल्यो । ग्रीस, भारत र चीनले पनि मुक्ति मोर्चालाई राजनीतिक मान्यता दिई दुतावास खोल्न स्वीकृति प्रदान गरे । कुटनैतिक प्रयास कै फलस्वरुप सन् १९९३मा 'ओस्लो सम्झौता'बाट सिमित अधिकार सहितको प्यालेस्टाइनको पूर्नस्थापना भयो । अराफात राष्ट्रपतिको हैसियतबाट स्वतन्त्रताको आन्दोलनलाई अगाडि बढाउँदै गए । राष्ट्रपति भएर पनि इजरायलद्वारा आफ्नै भवनमा नजरबन्दिसम्म बनाइए उनी । प्यालेस्टाइनको पूर्ण स्वतन्त्रता र स्वाधिनताको लागि जीवनको अन्तिम क्षणसम्म संघर्षरत रहे अराफात ।

बैठकमा बस्दाबस्दै वान्ता गरेपछि सन् २००४ अक्टोबर २५मा उनी अस्पताल भर्ना गरिए । अक्टोबर २९ का दिन फ्रान्सको पर्सी सैनिक अस्पताल लगिए । नोभेम्बर ३का दिन कोमामा गए । त्यसको आठ दिनपछि अर्थात् ११ नोभेम्बर २००४ मा ७५ वर्षको उमेरमा उनको निधन भयो ।

**शंका गर्ने ठाउँ छ ?**

अराफातको मृत्यु पछाडि कुनै निश्चित कारण बताइएको थिएन । हुनत लिभर सिरोसिस, क्यान्सर, ल्युकेमिया र एड्ससम्मको हल्ला फैलाइयो । तर फ्रान्सेली डाक्टरहरूको ५५८ पृष्ठ लामो प्रतिवेदनमा यी सबै हल्लाहरूलाई अस्वीकार गरियो । प्रतिवेदनले डिसेमिनेटेड इन्ट्राभास्कुलर कोगुलेशन (डीआइसी)लाई संकेत गरे । डीआइसीको कारण रक्त शिराहरूमा स-साना जमेको रगतका ढिक्का पोखिएको बताइयो । तर प्रतिवेदनले डीआइसीलाई मृत्यको दोस्रो कारण मात्र बतायो ।

त्यसो भए पहिलो कारण के थियो ? अराफातको उपचारमा लामो समयदेखि संग्लग्न डाक्टर असरफ अल कुर्दीले अराफातको अनुहारमा रातो-रातो र उनको छालामा धातुजन्य पहेलो रङ्ग देखिएकोले विष दिइएको शंका गरेका थिए । अराफातको लुगा र सामानमा पोलोनियम भेटिएको थियो । पोलोनियम रेडियोधर्मी तत्व हो र यो हाइड्रोजन साइनाइड भन्दा १०९ गुणा बढी विषालु हुन्छ । स्वीस रेडियो फिजिक्सले अराफातको व्यक्तिगत सामानहरूको परीक्षण गरेको थियो । ती परीक्षणबाट उनको शरीरमा मृत्युको समयमा पोलोनियमको मात्रा असामान्य रुपले बढेको देखिएको थियो । त्यतिबेलै श्रीमती सुदा अराफातले मृत्युको पछाडि इजरायल र प्यालेस्टाइनका वर्तमान राष्ट्रपति मुहम्मद अब्बासलाई शंका गरेकि थिइन् ।

यी बाहेक आशंकाको अन्य कारणहरू पनि छन् । इजरायली रक्षामन्त्री एरियल श्यारोनका नजिकका मान्छे युरी डानले सन् २००६ मा 'एरिएल श्यारोन : एक भित्री तस्बिर' शीर्षकको पुस्तक लेखेका थिए । उक्त पुस्तकमा श्यारोनले जर्ज डब्ल्यु बुशको अनुमतिमा अराफातलाई विष दिएको आरोप लगाइएको छ । मृत्युको चौध महिना अघिमात्र इजरायलका उपप्रधानमन्त्री यहुद ओलमर्टले मन्त्रिमण्डलको बैठकपछि इजरायली रेडियोलाई बताएका थिए , "हामीले अराफातलाई कसरी हटाउँदै छौं ? अपदस्थी निश्चय नै एउटा विकल्प हो र उनको हत्या अर्को विकल्प हो ।"

**संघर्ष जारी छ**

प्यालेस्टाइनी कवि महमुद दार्विसले लेखेका छन्, "गाजाको गला छैन । त्यसैले यसले आफ्नो अभिव्यक्ति पसिना, रगत र आगोको माध्यमबाट गर्छ ।" र, आगो हरेक दिन सल्किरहेछ गाजा क्षेत्रमा । एक न एक दिन प्यालेस्टाइन स्वतन्त्र र स्वाधिन देश बन्नेछ । लगभग आधा लाख मानिसको बलिदान पछि पनि संघर्ष जारी छ । अमेरिकी राष्ट्रपति ट्रम्पले निर्वाचित भएपश्चात् अभिव्यक्ति दिएका थिए– हामी गाजाको जमिन खाली गर्नेछौ । यो हाकाहाकी जाति सफायाको हिटरल शैली हो । अहिले विश्व जगत्‌ले प्यालेस्टाइको पक्षमा आवाज उठाउनु पर्नेछ । यो नै आजको मानवता र भातृत्व हो । नेपाली जनताले नरसंहारकारी इजरायली राज्यलाई दबाव सिर्जना गर्न सरकारलाई दबाव सिर्जना गर्नुपर्छ । दुई चार पैसाको लागि कृषि प्राविधिकको नाममा घुमाउरो तरिकाले इजरायली राज्यलाई सहयोग गर्नुहुँदैन । अपराधीलाई दिइने सहयोग पनि अपराध कै हिस्सा बन्छ । अपराधशास्त्रले यसै भन्छ ।

## कविता

# दु:खको बारेमा एउटा थप खोज

शशिप्रकाश

दुःख अन्तको भाषा थियो
र भाषाको अन्त थियो
दुःख अन्धकारको व्याकरण थियो
अनि व्याकरणको अन्धकार थियो
दुःख एक्लो पनको चित्कार
र एउटा चित्कारको एक्लोपन थियो ।

दुःख भित्री गुफाको
निरुद्देश्य खोजले भरिएको यात्रा थियो
दुःख एक्लै भोगिने
एउटा स्वार्थपूर्ण कामना थियो ।

दुःख जुत्ताभित्र छिरेको ढुङ्गा थियो
बगाइएको आँसुको एउटा धर्को थियो ।

दुःख धेरै कुरा जान्नु थियो
अनि निरन्तर जान्नु
र मात्र जान्नु थियो ।

दुःख आत्मामा एउटा अपरिहार्य दाग थियो
संसारका सारा अपूर्ण कामनाहरूको
हल्लिरहेको छायाँ थियो

सबैभन्दा ठुलो दुःख नै थियो
यो कुरा थाहा भयो
फेरि पनि
त्यो बुझ्नुको दुःख थियो
अनि
यो नबुझ्नुको पनि दुःख थियो-
दुःखको कारण के हो ?

**(हिन्दिबाट अनुवादः बलराम तिमिल्सिना)**

# दासयुगीन साहित्य–महाभारत

**गोपीरमण उपाध्याय**

*(महाभारत दक्षिण एसियाको प्रसिद्ध ग्रन्थ हो । महाभारतलाई विभिन्न दृष्टिकोणबाट वाचन गर्ने, पुज्ने, व्याख्या गर्ने क्रम आज पर्यन्त छ । महाभारतलाई केही मार्क्सवादी लेखकहरुले ऐतिहासिक भौतिकवादी दर्शन अनुसार व्याख्या गर्ने कोशिस गरेका छन् । उपाध्यायको यो लेख पनि ऐतिहासिक भौतिकवादी व्याख्याको एउटा उदाहरण हो । पाहुरका पाठकको लागि उपाध्यायको 'केही दार्शनिक निबन्धहरू' पुस्तकबाट साभार गरिएको हो । उक्त पुस्तक २०६४ सालमा प्रकाशित भएको थियो भने यो लेख उपाध्यायले २०३८ सालमा रचना गर्नुभएको हो ।)*

मानव समाजको विकासक्रमको नियमलाई बुझेर परिवर्तन गर्ने उद्देश्य राख्ने प्रत्येक क्रान्तिकारीहरूले यसका वैज्ञानिक नियम बुझ्नुपर्ने आवश्यकता देखिन्छ । जबसम्म कुनै पनि सामाजिक चरणको स्वभाव, प्रकृति, संस्कार, संवेदना एवं इतिहासको भौतिकवादी (वैज्ञानिक) जानकारी हुँदैन त्यसलाई बदल्ने, विकसित गर्ने र परिवर्तन गर्ने काममा गतिशिलता र सुगमता आउन सक्दैन । यस दृष्टिकोणका आधारमा हाम्रो नेपाली समाजको वर्तमान आधार संस्कार, संवेदना, प्रवृत्ति एवं इतिहासलाई हेर्ने दृष्टिकोण पूरापूर हिन्दू चिन्तनमा आधारित भ्रान्तधारणाका आधारमा कायम भएको पाइन्छ । यद्यपि वर्तमान समयमा कतिपय पाश्चात्य समाजका विकृतिपूर्ण संस्कारहरू पनि समावेश छन् र मूलरूपमा हिन्दू आर्दशबाट नै प्रेरित नेपाली जनजीवन हजारौं वर्षदेखि कायम रहँदै आएको हिन्दू धार्मिक चेतनाद्धारा ग्रसित भएको छ । पाइलापिच्छे हिन्दू धर्मका विधि निषेधका नियमहरूमा आबद्ध हुँदै गएको र ती विधिविधानहरू काल प्रवाहमा विलुप्त भइसके पनि तिनैका कतिपय संस्कार विकृतिहरू वर्तमान अवस्थामा प्रयोग भइरहेका छन् । यसले गर्दा वर्तमान परिस्थितिमा विकृतिपूर्ण उपभोक्तावादी अर्धसामन्ती संस्कृतिको बोलबोला भएको छ । पूरापूर प्राचीन कुसंस्कारहरू समाप्त नभई सकेको र नयाँ संस्कृतिको उत्थान पनि हुन नसक्ने यस्तो सङ्क्रामक अवस्थामा विकृतिपूर्ण उपभोक्तावादी अर्धसामन्ती संस्कृतिको बोलबोला हुनु अत्यन्त स्वाभाविक छ ।

हिन्दू धर्मका आधिकारिक व्याख्याता 'पण्डित' पुरोहितहरूको पनि नयाँ समाजको संस्कृति हुर्कन वेद, पुराण, रामायण, महाभारत आदि प्राचीन ग्रन्थहरूका विरोधाभासपूर्ण अवैज्ञानिक तर्कहरू प्रस्तुत गरेर जनताको भावनात्मक एकता, संघर्षशीलता र वैज्ञानिक दृष्टिकोणलाई कुण्ठित पार्ने, व्यक्तिगत वा संस्थागत प्रयास गरिरहेका छन् । वास्तवमा वेद के हो ? पुराण, रामायण, महाभारत के हुन् ? कस्ता समयमा यिनीहरूको रचना भयो ? यो साहित्यले कुन समाजको प्रतिनिधित्व गर्छ भन्ने बारेमा कुनै प्रकारको वैज्ञानिक दृष्टिकोण प्रदान गर्न सकेका छैनन् या उनीहरू यसो गर्न चाहँदैनन् । वेद के हो ? भन्ने बारेमा कर्मकाण्डी पुरोहितहरूले जतिसुकै "अपौरुषेय" ईश्वर निसृत वाक्य भने तापनि महाभारतकै एक ठाउँमा वेदको बारेमा यसरी भनिएको छ । जस्तैः– छन्दांसि नाम श्रोत्रिय तान्यथर्वा तन्नम् । (महाभारत उद्योग पर्व अध्याय ५९) अथर्वा, अंगीरस, वशिष्ठ, व्यास आदि वनमा बस्ने मानिसहरूको समूह (महर्षि)ले एक स्वरमा लयको साथ गाइएको आवाज नै वेद हो । तिनै गायकहरूको लामो परम्परामा गाइँदै आएको विषय नै पछि वेदको रूपमा सम्पादित भएको हो । यसको खास तत्त्व यही हो जुन कुरा सबैले जानेका हुँदैनन् ।

यसबाट प्रष्ट हुन्छ कि वेद प्राचीन मानव समाजको गीयमान साहित्य हो जसमा तत्कालीन समाजका आर्थिक नियम, नीति, नैतिक बन्धन, उत्पादन पद्धति र विधि-विधान आदिको प्रशस्त उल्लेख भएको पाइन्छ । प्राचीन मानव समाज खास गरेर प्रकृति उपासक समाज थियो । त्यसकारण वैदिक साहित्यले अधिकांशरूपमा मानिस र प्रकृतिका बीचको अन्तरक्रियालाई समेटेको पाइन्छ ।

प्राचीन मानव समाजको गर्भबाट अघिल्लो दास समाजको जन्म भएको हो । यद्यपि फलानो दिन प्राचीन समाज सकियो र फलानो दिनबाट नयाँ दास युगको सूत्रपात भयो भन्ने किटान हुन सक्दैन ता पनि वैदिकोत्तर साहित्यबाट त्यस समाजको बनौट र विकासका नियमहरू पत्ता लगाउन सकिन्छ । वैदिक साहित्यपछिको साहित्य पौराणिक साहित्य नै हो । खास गरेर यो साहित्य कतिपय कारणले वेद भन्दा सरल सुबोध र यथार्थवादी पनि छ । वन-जंगल, पशु, प्रकृतिको उपासना, स्तुतिहरूको व्याख्यान भन्दा सजीव मानिसका बारेमा लेखिने कुराहरूले गर्दा वैदिक साहित्य भन्दा पौराणिक साहित्य प्रगतिशील पनि छ । सामाजिक उत्पादनमा जसरी श्रमशक्ति एकत्रित हुन नसकेर दुरूपयोग भइरहेको समाजभन्दा केन्द्रित श्रमशक्ति भएको समाज नै प्रगतिशील हुन्छ । प्राचीन मानव समाजभन्दा दास समाज प्रगतिशील थियो । त्यसै अनुरूप वैदिक साहित्य भन्दा पौराणिक साहित्य (रामायण, महाभारत)मा व्यवस्थित र परिश्रमी मानव समुदायको चित्रण भएको छ । यसको वैज्ञानिक कारण थाहा नभए पनि स्वाभाविक रूपमा वेदभन्दा 'महाभारत' उत्कृष्ट बताइएको हुन सक्छ । जस्तैः– "इतिहास पुराण च पञ्चमो वेद उच्चते"– इतिहास र पुराणलाई चार वेदहरूभन्दा श्रेष्ठ पाँचौ वेद मानिन्छ ।

मानव समाजको पुरानो युगको अवस्थालाई पार गरेर नयाँ युगमा प्रवेश गर्दा कैयौं ठूलठूला युद्धहरू र रक्तपातहरू मच्चिएका छन् । त्यस्तै प्राचीन वैदिक गण समाज निर्धारित भएर नयाँ दास समाजको संगठनको हुँदा पनि ठूलाठूला युद्धहरू भए । एउटा गण समाज अर्को गण समाजबाट पराजित भइसकेपछि त्यसको पूरापूर हत्या हुन्थ्यो जसलाई 'नर-मेध' यज्ञ भनेर तत्कालीन साहित्यहरूमा जताततै उल्लेख भएको पाइन्छ । तर पछि गएर त्यस्तो पराजित समाजको हत्या गर्नुभन्दा यसलाई श्रमको उपभोगमा ल्याए यसको श्रमशक्तिबाट ठूलठूला उत्पादनका कामहरू गर्न सकिन्छ भन्ने कुराको ज्ञान भयो । अब दासहरूलाई आयको स्रोत बढाउने शक्तिको रूपमा मानिस थालियो । खेती, पशुपालन, खनिज उत्पादन, सेना निर्माण आदि काममा प्रयोग गरेर प्रशस्त धनी बन्न सकिने देखियो । पराजित मानव समुदायको ठूलो भाग दास बन्न पुग्यो । यो अवस्था सामाजिक अन्तरविरोधले पनि अर्को स्वरूप लियो । जब कि प्राचीन मानव समाजमा मानिस र प्रकृतिबीचको अन्तरविरोध मुख्य थियो भने आज आएर मानिसका वर्ग-वर्गबीचको अन्तरविरोध मुख्य भयो, पुरानो अन्तरविरोध गौण भयो । यसको मुख्य कारण व्यक्तिगत सम्पत्ति र राज्यको उत्पत्ति थियो । पुरानो समाज र नयाँ समाजको तुलना गर्दै महाभारतमा भनिएको छ किः– न वै राज्यं राजासीत् न दण्डी न च दण्डिकर धर्मेणैव प्रजासर्वाः रक्ष्यन्तिस्म परस्परम । (महाभारत शान्ति पर्व अध्याय ५९/१४) पुरानो समाजमो राजा एवं राज्य केही पनि थिएन । सबै मानिस आपसी समझदारीमा चल्ने गर्थे । नयाँ समाजमा राजा एवं राज्यको व्यवस्था भयो किनभने त भन्ने कुरामा अगाडि भनिएको छ– नष्टयां प्रतिपत्तौं च मोहवश्य नरास्तदा, लोभस्य वसमापन्नाः सर्वे भारत सत्तमः (अध्याय ५९/१४) मानिसहरूमा कर्तव्याकर्तव्य ज्ञान नष्ट भयो । मानिसहरू लोभको वसमा पर्दै गए । यसको अर्थ हुन्छ, किन प्राचीन सामाजिक जीवन विघटन हुँदै गयो र मानिसका व्यक्तिगत सम्पत्तिको जोगाड गर्ने परिस्थिति र मानिसकता विकसित हुँदै थियो । यसका निम्ति कैयौं लडाई पनि हुँदै थिए । यस्तो क्रम लामो समयसम्म रह्यो । जसको फलस्वरूप व्यवस्थित समाज प्रणालीको जन्म भयो । नीतिनियम कानूनहरू तयार भए र श्रमअनुसार वर्णका विभाजन भयो । आदिम साम्यवादी युगको सामाजिक युगको सामाजिक अवस्थामा क्रान्तिकारी परिवर्तनहरू भएर वर्ग विभाज एवं वर्ण व्यवस्था र आश्रमको व्यवस्थाहरू भए । पढ्ने, पढाउने, यज्ञ गराउने, दान लिने, तपस्या गर्ने काम ब्राह्मण वर्गको जिम्मामा आयो भने शासन चलाउने, युद्ध गर्ने, दण्ड दिने काम क्षत्रियहरूको जिम्मा थियो । कृषि, वाणिज्य, गोरक्षा, पशुपालन आदिको काम वैश्यहरूको थियो । यसै कुरालाई छोटकरीमा निम्न कुराबाट थाहा हुन्छ जस्तैः– तपोनिष्ट ब्राह्माणी गोबोढारं धावितार तुरंगी शुद्रादास पशुपालःच वैश्या वर्धार्थित्वं त्वद्विधा राजपुत्री (महाभारत स्त्री पर्व अध्याय २६/५ ) अर्थात्,

"ब्राह्मण स्त्रीहरूले तपस्या, अध्ययन आदि गरोस् भने सन्तान जन्माउँछन् । क्षत्रिय युद्ध गरोस्, राज्य गरोस् भनेर सन्तान पाउँछन् भने शुद्राणिहरूले गाईले भारी बोक्ने गोरु र घोडीले बेस्सरी दगुर्ने घोडा पाए झैं समाजको सेवा गर्ने दासहरू जन्माउँछन् ।"

दासहरूका जिम्मामा समाजलाई भरणपोषण गर्ने अन्न उत्पादन, पशु चराउने काम, युद्धमा भिड्न जाने काम, राज महलहरूको सेवा टहल गर्ने आदि आधारभूत श्रममूलक कामहरू जिम्मामा आए । यस समयमा स्वतन्त्र व्यक्तिहरू निम्न कारणले गर्दा दास बन्नु पर्थ्यो जस्तै गृहजातस्तथा क्रीतो लब्धो दायादुपायगतः । अनाकाल भृतो लोके आहित स्वमिना च यः मोक्षितो महतश्चार्णत् प्राप्त युद्धात् पराजितः तबाहभित्युपागत प्रब्रज्या वासित कृत । भक्तदासश्च विज्ञेयतथैव वडवाहतः विक्रेताश्चात्मनः । शास्त्रै दासा पञ्चदश स्मृतः (नारद स्मृति २४-२६)

१) घरमा दासदासीहरूबाट जन्मेको, २) किनेर ल्याएको मानिस, ३) दाइजो तथा उपहारमा ल्याएको मानिस, ४) आपत्ति परेको बेलामा पालिएको, ५) कसैले धरौटी राखेको, ६) ऋण तिरी दिएर ल्याएको, ७) युद्धमा जितिएको, ८) तिम्रै हुँ म भनेर विश्वास परेको, ९) सन्यास लिएर टिक्न नसकेको, १०) भक्त, ११) आगो पानीका विपतबाट बचाइएको, १२) आफूलाई बेच्न चाहने आदि कारणहरूबाट मानिसहरू दास हुन पुग्थे । यसरी एउटा देशमा जम्मा पारेका दासहरूलाई अर्को देशमा लगेर बेचिन्थ्यो । धेरै धेरै कारणहरूमध्ये शासक वर्गमा मनमा लाग्यो भने जुनसुकै कारणले पनि अधिकांश जनसुमदाय दास हुन बाध्य हुनपर्थ्यो । सबैभन्दा प्रमुख कारण सत्ताधारीहरूले नै युद्धमा जितेका बन्दी सैनिकहरूलाई नै दास बनाउँथे ।

पौराणिक साहित्यमा यत्रतत्र दासहरूको उल्लेख मात्र पाइन्छ तर उनीहरूको काम निर्दिष्ट भएको पाइन्न । खाली शुद्रहरूले ३ वटा वर्गको सेवा गर्नु नै ठूलो धर्म हुन्छ भनिएको छ । तर सेवाको कुनै मूर्त रूप पाइँदैन । त्यसकारण उनीहरूको सेवा भन्नु नै सम्पूर्ण उत्पादनको काममा हिस्साका लिनु र आफ्ना मालिकहरूले जहिले, जहाँ, जे जस्तो काममा खटाउँछन् त्यसैमा लाग्नु नै सेवा मानिएको छ ।

यसको मूर्त चित्रण जुन रूपमा महाभारतमा पाइन्छ त्यस्तो अन्य पुराणमा उल्लेख छैन । त्यसकारण महाभारत दासकालीन समाजको प्रमुख प्रतिनिधि साहित्य हो भन्ने कुरा पनि यसैबाट स्पष्ट हुन्छ किनभने छोटा-छोटा राज्यगण संघहरूका युद्धगाथाहरू यस ग्रन्थमा प्रशस्तै रूपमा उल्लेख छन् । कौरव पाण्डवहरू एक वंशज भएर पनि राज्यको सीमा विवाद र सम्पत्तिको कारणले उनीहरूमा युद्ध छेडिएको थियो जसमा तत्कालीन अन्य स-साना राज्य रजौटाहरूमध्ये कसैले कौरवको पक्ष लिए भने कसैले पाण्डवहरूको पक्ष लिए । यसमा महाभारत भीष्मपर्वको प्रसिद्ध रचना गीताको उदाहरण लिन सकिन्छ । यसमा कुन दास मालिकहरू कस-कसका पक्षमा थिए भन्ने कुरा यसरी उल्लेख भएको छ । पाण्डवको पक्षमा उभिनेहरूमा युयुधान, विराट, द्रुपद, धुष्टकेतु, चेकितान, काशीराज, पुरुजित्, कुन्तीभोज, शैव्य, युधामन्यु, उत्तमौजा, सुभद्रा, द्रौपदीको पाँचवटै छोराहरू अनार्य, घटोत्कच आदि जो एकसेएक महारथीहरू थिए । कौरवका पक्षमा उभिनेहरूमा भीष्म, द्रोण, जयद्रथ, शुकनी, कर्ण, कृप, अश्वत्थामा, विकर्ण, सोमदत्त, भूरिश्रवा, अनार्य, जातका अलुंबुस, अलायुध आदि दास मालिकहरू संलग्न थिए । यी राजा रजौटाहरूको परिचय आंशकि रूपमा नै भए पनि त्यसैबाट अनुमान लगाउन सकिन्छ । तत्कालीन समाजमा दासहरूको सङ्ख्या, मूल्य, पोशाक, नीति, शिष्टाचार, विधि विधान, दण्ड र यातना कस्तो थियो आदिको बारेमा महाभारतमा निम्न उदाहरणहरूबाट अनुमान लगाउन सकिन्छ । सर्वप्रथम दासहरूको सङ्ख्या कतिसम्म थियो भन्ने सम्बन्धमा केही तथ्यहरूः– दासिनां आयुतं चैव बलिमादाय भारतः सभाद्वारी नर श्रेष्ठ दिदृक्षुरवतिष्ठते (महाभारत सभापर्व अध्याय ५१/५) अर्थात् सबै सोह्र वर्ष उमेरको लामो लामो कपाल भएका सुनका गहना लगाएका दश हजार दासीहरू कपास उब्जाउने देशबाट मगाएका छन् । विचार गरौं, जुन ठाउँबाट सबै १६ वर्षका छानिएका दश हजार युवतीहरू जम्मा गर्न सकिन्छ त्यो ठाउँ त्यो समाज कतिसम्म ठूलो व्यापक हुन सक्छ । त्यो पनि खास गरेर दासहरूका बीचबाट नै जम्मा गरिएका १० हजार तरुणीहरू दासी हुन् ।

निर्जिव, धातु, अन्न, सजीव पशुहरूमध्ये गोरु, घोडा सरह नै दासहरूको पनि मूल्य र मानांक बराबर नै थियो भन्ने कुरा निम्न प्रमाणबाट थाहा हुन्छ, जस्तैः रजत जातरूपंच मणिनाथ च मौत्तिका भूषणान्यथ मुख्यानि कम्बलान्याजिनानिज ॥ दासी दासमसौदेय राज्योपकरणानिच ते प्राप्य धर्मसाक्ष्यं त्वदीयं भरतवर्षभः ॥(महाभारत गदापर्व ६२/३५-३६) अर्थात् महाभारत युद्धको अन्त्यमा पाण्डवहरूले कौरवहरूका चाँदी, सुन, मणि, मोति, गहना, राम्रा राम्रा कम्बल, मृगका छालाहरू असंख्य दासदासीहरू राज्यको लागि चाहिने अरू सबै साधनहरू आफ्ना हात पारेर अत्यन्त खुशी भए ।

यसबाट के कुरा प्रष्ट हुन्छ भने दास-दासीहरू राज्य सञ्चालनको मुख्य काम उत्पादन र सेनामा भर्ती हुनुका साथै राजदरबारको सेवामा समेत भर्ना हुन्थे । यसरी दासदासीको महत्त्व खाली मानवीय मूल्यभन्दा सम्पत्तिको मूल्य अधिक गनिन्थ्यो । पराजित समुदाय जहिले पनि दास सरह नै हुन्थ्यो भन्ने कुरा निम्न प्रमाणबाट प्रष्ट हुन्छ ।

यातनी परराष्ट्राणि नृपा भुक्ताश्च दासवत् । प्रियेश्च प्रकृत साधु को नु स्वत्वंतरो मया (गदा पर्व अध्याय ६४-२३) अर्थात् एउटा घमण्डी राजाको भनाइ हो जस्तो कि मैले सबै अन्य राष्ट्रहरूलाई जितेर त्यहाँका राजाहरूलाई दास सरह परी आफ्ना मानिसहरूको भलाई गरें, म भन्दा ठूलो व्यक्ति को हुन सक्छ । यसरी पराजित हुनु पनि दास हुनु हो भन्ने तथ्य यसबाट सिद्ध हुन्छ ।

तत्कालीन समाज सम्पूर्ण रूपले दासहरूको श्रमशक्तिमा नै आधारित थियो भन्ने कुराका प्रमाणहरू प्रशस्तै पाइन्छ । जस्तो युधिष्ठिर राजाका राज्यका मात्र दासहरूको सङ्ख्या यति विपुल थियो भने तिनका शत्रु कौरव र त्यसका पक्षमा लाग्ने भीष्म, द्रोण, कर्ण, शकुनी, शल्य, कृतवर्मा, बाल्हिक, सोमदत्त, भूरीश्रवा इत्यादि नाम चलेका राजाका राज्यहरूका दास दासीको कति ठूलो सङ्ख्या हुनसक्छ । यस्तै युधिष्ठिरका मित्रगणहरू विराट, द्रुपद, शिखण्डी, पुरुजित, कुन्तिभोज, उत्तमौजा, युयुधान एवं वृष्णि वंशीय राजाहरूका राज्यका दासहरूको सङ्ख्या कति थियो होला । यो कुरा निम्न श्लोकबाट प्रष्ट हुन्छ जस्तैः– अष्टाशीति सह-श्राणि स्नातका गृमेधिनः, त्रिशत दासिकैको यान् विभूर्ति युधिष्ठिरः (महाभारत वन पर्व अध्याय २३३/४३) अठासी हजार गृहस्थी स्नातकमध्ये प्रत्येकका पछाडि उसको सेवा टहल पर्न ३०/३० दासदासीहरू खटाइएको थियो । यसको अर्थ भयो उनका राज्यका मात्र ८८००[illegible]३०.२,६४,००० दासदासीहरू थिए । यो सङ्ख्या केवल स्नातक गृहस्थीहरूको भागमा पर्छ । यसभन्दा बाहेक युधिष्ठिरका मन्त्री भाईभारदार आदिको सेवा टहलमा गर्ने काममा नियुक्त दासहरूको संख्या अनगिन्ती हुन आउँछ । यसरी असङ्ख्य दासहरूलाई कृषि, वाणिज्य, पशुपालन, सेना आदिमा नियुक्ति गरेर उनीहरूकै श्रमको अपार शोषणबाट राज्यको संवृद्धि, ऐश, आराम, विलासिता, धर्म, कर्म आदि सम्पन्न हुन आउँथ्यो। जुन श्रमिक दासहरूको मानवीय मूल्य पनि थिएन । उनीहरूको लागि स्वर्ग, नर्क, पाताल, इहलोक, परलोक भन्नेसम्म पनि कुरोको ज्ञान थिएन । यी दासीहरूलाई आवश्यकताअनुसार जुनसुकै काममा पनि नियुक्त गर्न सकिन्थ्यो । युद्धको बेला युद्धभूमिमा ज्यादातर यिनै दासहरूको नै मृत्यु हुन्थ्यो । यिनीहरूलाई सैनिक तालिमसम्म पनि नदिएको हुनाले ठूलाठूला युद्धबाजहरूका हतियारको निशान पनि यिनीहरू नै बन्थे । जसका पासमा धेरै दासदासीहरू हुन्थे तिनीहरू नै अधिक धनीमानी सम्मानित हुन्थे । पुरुष दासहरूलाई अधिक श्रमको काम लगाइन्थ्यो भने स्त्री दासीहरू धेरैजसो राजमहलको सेवामा नियुक्त हुन्थे । जस्तैः शतादासी सहश्राणि कौन्तेयस्य महात्मन, कम्बू, केयूर धारिण्य निष्ककण्ठय स्वलंकृता, पात्री हस्ता दिवारात्री अतिथीन् भोजयन्ति च, (महाभारत वनपर्व २३३/४९)

राजा युधिष्ठिरका राजमहलका शंख र कौडीको गहना लगाएका दश हज्जार दासीहरूलाई चौबीसै घण्टा बृद्धिमान अतिथिहरूको खानपान र उपभोगको लागि तयार हुन्थे ।

राजमहलका दासीहरूसँग कहिलेकाहीं राजाहरू फसेका हुन्थे जसबाट उत्पन्न भएको सन्तानहरूप्रति बडो अर्घेल्याएको व्यवहार हुन्थ्यो । जस्तो कि विदुर नामले प्रख्यात बुद्धिजीवी व्यक्ति दासीको कोखबाट जन्मेका थिए । यस्तै गरी युयुत्सु नामका महावीर पनि दासीबाट जन्मिएका थिए । उनीहरूको सम्मान राजकुमार सरह हुँदैनथ्यो । यत्रो विपुल मानव श्रमशक्तिको भरमा मात्र राजाहरूको राज्य सञ्चालित थियो । खास गरेर राजमहलहरूमा काम गर्ने दासदासी एवं राजकर्मचारीहरूको निम्ति निम्न प्रकारको शिष्टाचार एवं नियमहरूको कडाइका साथ पालन गर्नुपर्थ्यो । जस्तैः नचोष्ठौ न भुजौ जानु न च वर्तमानेर्षु केषुचित्, नाति गूढं प्रहस्येत न चाप्युन्मदवद् हसेत् इत्यादि (विराट पर्व अध्याय ४-१२-१३)

राजमहलमा बस्ने दास दासी तथा कर्मचारीहरूले कहिल्यै पनि दुवै ओठ, दुवै हात र दुवै खुट्टा हल्लाएर कुरा गर्नु हुँदैन । अपान वायु, बोली र थुक सुस्तरी निकाल्नुपर्छ, हाँस्ने कुरा देखिए हाँस्नु हुँदैन, धेरै खुसी हुनु हुँदैन र खित्का छोडेर हाँस्नु हुँदैन ।

यसरी हरेक किसिमको विधि निषेध र शिष्टाचार आदिको पालना गर्नका साथै दासहरूले मालिकको मुखबाट निस्कने वाक्यहरू नै कानूनको रूपमा स्वीकार गर्नुपर्दथ्यो ।

वैदिक साहित्यमा नारकीय यातनाहरूको बारेमा उल्लेख छैन । तर पौराणिक साहित्यहरूमा नरकहरूको भीषण वर्णन छ । यी नरक भनिएका ठाउँहरूमा विद्रोह गर्ने, विद्रोहहरूलाई उक्साउन खोज्ने दासहरूलाई भीषण यातना दिएर मारिन्थ्यो । खास गरेर दास मालिकहरूका अत्याचारका विरुद्ध विद्रोह गर्ने अपराधी नै यी नारकीय यातनाका शिकार हुन्थे । खास गरेर महाभारत र अन्य पौराणिक साहित्यमा वर्णन भएको नारकीय यातनाहरू विद्रोही दासहरूलाई दबाउने काममा यस प्रकार प्रयोग हुन्थ्यो । त्यस समयमा प्रयोग हुने यातना स्थलहरू यस प्रकार हुन्थे जस्तैः– तमसा संवृत धोरं केश शैवाल शादुलम्, युक्तं पाप कृतां गन्धैसिशोषितकद्रमम् । दंशोत्पोदक भल्लूक मक्षिका मसका वृतम् । इतस्ततश्च कुणोपः समन्तान्तान् परिवारितम् । अयोमुखश्च काकैश्च गृधश्च माभिद्रतुम । मेदोरुधिर युक्तैश्च छिन्नबाहरूपाणिमिः । निकृत्तोदर पादश्च यत्रतत्र प्रवेरिता । एतद् कुपण दुर्गन्ध आश्चिनं लोभ हर्षणम । अशिपत्र वनंचैव निशिते क्षुर संकृतम । करम्भ वालुका तप्ता आर्यशिश्च शिलापृथक । लोहकुम्भिश्च तैलस्य क्याथ्यमान समन्ततः । कुट शाल्मलिक चापि दुर्धर्ष तीक्ष्य कष्टम्, ददर्श । चापि कौन्तेय यातना पाप कर्मीणाम् (स्वर्गारोहरण पर्व अध्याय २/१७-२५)

अर्थात्, यातना दिने स्थान यस्तो किसिमको हुन्थ्यो, घनघोर अँध्यारो ठाउँमा जहाँतहीं मानिसका खप्परहरू त्यसबाट झरेका रौंले चारैतिर ढाकेको छ । यातना भोगिसकेका मृत मानिसहरूको मासु र रगतको गन्ध आउँथ्यो । त्यस ठाउँमा जताततै हिंस्रक जन्तुहरू, डांग्रा हरिया माखाहरू भन्किरहन्थे । जताततै मानिसका हाडखोर र टोक्ने किराहरू समेत हुन्थे । फलामे चुच्चो भएका गिद्ध, काग, चील, आदिले मानिसको मासु लुछिरहेका हुन्थे । कुनै लासबाट रगत, बोसो र कुनैका हात खुट्टा स्वयं गलेर झरेका हुन्थे । जताततै भयानक दुर्गन्ध व्याप्त थियो । नजिकै तातो पानीको नदी बग्थ्यो र अर्कोपट्टि ठूलो कराहीमा तेल पकाइएको हुन्थ्यो । अर्कोतर्फ धारीला झारपातहरू उम्रेका थिए जसलाई छुटे बित्तिकै शरीरमा घाउ लाग्थ्यो । कतै तातो बालुवा थियो भने अर्कोपट्टि फलामे छडहरू तताएका हुन्थे । ती सबै साधनहरूले दासमालिकका विरुद्ध विद्रोह गर्नेहरूलाई सजायस्वरूप यातना दिई दिई मारिन्थ्यो । यसरी यी नारकीय यातनाहरू दासहरूलाई नियन्त्रण गर्नका निम्ति प्रयोग हुन्थ्यो ।

महाभारतमा स्पष्ट रूपमा दास युगको सूत्रपातदेखि लिएर त्यसको उत्पादन प्रणाली नीति, नियम, स्वाभाविक विधि-विधान वर-धर्म दर्शनको समेत विस्तृत विवेचना गरिनुका साथै दासयुगको समाप्तिपछि सामन्तवादी युगको सूत्रपातको अवस्थासम्मको चित्रण गरिएको छ । दासहरूले गर्नुपर्ने श्रमप्रतिको कर्तव्य निर्देशन गर्नुका साथै उचित ढंगले काम नगरेको खण्डमा उनीहरूलाई दिइने यातना एवं दण्डहरूको विधिविधान समेत यथार्थरूपले प्रष्ट पारेको छ । महाभारत युद्धमा कैयौं देश देशान्तरबाट आएका दासमालिकहरू त मारिए त्यसका साथै दासहरू सैनिक भएर लड्दा युद्धमा मारिए । यस्ता मानिसहरूकै संख्या निम्न प्रकारले बताइएको छ ।

दशायुतानामायुतं सहश्राणि च विशति, कोटस्य षष्ठिच षट् चैव हयास्मिन् राजन् मुधेहथ, अलक्षितानां वीराणां सहश्राणि चतुर्दश, दश चान्यानि राजेन्दत षष्ठिच पञ्चच (स्त्री पर्व अध्याय २६/८-२०) । यस महाभारतको युद्धमा जम्माजम्मी एक करोड ६६ लाख २० हजार सैनिकहरू मारिनुका साथै २४००० सेना लापत्ता भएका थिए । यसैअनुसार घोडा, हात्ती र गोरुका सङ्ख्या पनि थियो । यत्रो विपुल जनसुमदाय ८५ प्रतिशत दासहरूको नै जमात थियो । फुर्सतको बेलामा खेती र पशुपालनको काम गर्ने र आवश्यकतानुसार युद्धमा जानको निमित्त प्रोत्साहित गर्न निम्न प्रकारको नारा लगाइन्थ्यो । जसका प्रभावमा आए पनि दासहरू युद्धमा जान कत्ति पनि हिच्किचाउँदैनथे । जस्तैः– हतो वा प्राप्यसे स्वर्ग जित्वा वा भोक्षसमेहीम्, तत्मादुत्तिष्ठ कौन्तेय । युद्धाय कृत निश्चतः (भीष्म पर्व गीता अध्याय २/२७) अर्थात्, युद्धमा मरेमा स्वर्ग गइनेछ जितेमा पृथ्वीको राज्य गरिने छ । त्यसकारण हे अर्जुन ! युद्धका निम्ति तयार भएर उठ ‼

यद्यपि यो कुरा श्री कृष्णले अर्जुनलाई युद्धको निम्ति प्रेरणा दिंदा भनेका थिए तर यी महाभारतकालीन नारा नै हो भन्ने विषयमा कुनै शंका हुँदैन किनभने बडे-बडे महारथीहरूले सर्वसाधारण दासहरूलाई सबै प्रकारका उपायहरूद्धारा सबै प्रकारका उपायहरूद्धारा पनि युद्धको भूमिमा उतारिएको हुन्थ्यो । यद्यपि महाभारतको युद्ध दासमालिक र दासहरूका बीचको वर्गसङ्घर्ष नभएर दास मालिकाहरूका बीच स्त्री र सम्पत्तिको सवाललाई लिएर उठेको एक खालको गृहकलह नै थियो । यसमा दुवै पक्षले भीषण सङ्घर्ष गरेर अपार धन, जन र सम्पदाको विनास गरे तर पनि यसलाई धर्मयुद्ध भनि आजसम्म पनि पवित्रताको गाथा भनेको पाइन्छ । साररूपमा भन्ने हो भने यो महाभारतको युद्ध दासहरूको विनासको युद्ध नै थियो जसमा असङ्ख्य दासहरूको मृत्यु भएको थियो । सामन्तवादको पृष्ठपोषक लेखकहरूले उनीहरूको महत्त्व बढाउन यस्तो निर्मम युद्धलाई धर्मयुद्ध भनेर घोषणा गरेका हुन सक्छन् । महाभारतको युद्धले दास व्यवस्थालाई समाप्त पारेर सामन्तवादको सूत्रापत गऱ्यो ।

अन्तमा, यस वर्गयुक्त समाजमा जुन वर्गको हातमा सत्ता रहन्छ, त्यसले जस्तोसुकै देशद्रोही, जनविरोधी एवं राष्ट्रघाती काम गरे पनि नीति, नियम, कानून लाग्दैन, यो पहिल्यैको राज्यकालमा पनि थियो आजको राज्यहरूमा पनि देखिन्छ ।

यसलाई महाभारतको एउटा उद्धरणले पुष्टि गरेको छः–

सर्वबलवतां पथ्यं बलवतां शुचिः सर्वबलवतां धर्म सर्व बलवातां स्वकम्, (महाभारत आश्रमवासीक पर्व अध्याय ३०/२४) । यसको अर्थ हो, जसको हातमा सत्ता रहन्छ जे जस्तो अपराध कर्म गरे पनि राष्ट्रको लाग फाइदा मानिन्छ । जस्तोसुकै नीच कर्म गरे पनि पवित्र नै हुन्छ, जे गरे पनि धर्म नै हुन्छ उसको लागि जे कुरा पनि स्वार्थ सिद्धिको लागि सहायक बन्छ । वर्गीय सत्ताको सार पनि यहीं हो ।

# तीन वर्षमा डेढ सय होटल बन्द

बाँके । व्यापारिक चहलपहल घट्दै गएपछि नेपालगञ्जमा बितेका तीन वर्षमा मध्यमस्तरका करिब १५० होटल बन्द भएका छन् । ठूलो लगानीका तारे होटल थपिँदै गए पनि नेपालगञ्जमा मध्यमस्तरका होटल व्यवसायीको पेसा सङ्कटमा पर्दै गएको छ । मध्यमस्तरका होटल बन्द हुँदा त्यहाँ कार्यरत सयौँ नागरिकले रोजगारी गुमाएको नेपालगञ्जका होटल व्यवसायी भीम कँडेलले बताए ।

उनका अनुसार कोभिड-१९ महामारी अन्त्यपछि होटल व्यवसाय तङ्गिने आशा गरिए पनि नेपालगञ्जमा मध्यमस्तरका डेढ सय होटल बन्द भएका छन् भने तारेस्तरका होटल पनि राम्रोसँग सञ्चालन हुन सकेका छैनन् । "नेपालगञ्ज पश्चिम नेपालको तीन प्रदेशको केन्द्र हो, कुनै बेला होटल क्षेत्रमा उत्साहित भएर लगानी गरेका साथीभाइहरु अहिले समस्यामा पर्नुभएको छ", होटल व्यवसायी महासङ्घ लुम्बिनी प्रदेश समितिका प्रथम उपाध्यक्ष रहेका कँडेलले भने-"पछिल्लो तीन वर्षमा मात्रै डेढ सय होटल बन्द भए, ती सबै व्यवसायीहरु कोही विदेश गए कोही गाउँ फर्किएका छन् ।"

होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष रङ्गबहादुर खड्काले कोभिड-१९ महामारीपछिको आर्थिक शिथिलताले नेपालगञ्जमा होटल व्यवसायी सङ्कटमा पर्दै गएको बताए । "महिनामा मुस्किलले एक-दुई दिन मात्रै भरिभराउ हुन्छ, अरू दिन खाली नै हुने अवस्था छ", अध्यक्ष खड्काले भनने-"यसले घरभाडा, ऋण, ब्याज र कर्मचारीको खर्च थेग्न सक्ने अवस्था नभएपछि बन्द गर्नुपर्ने बाध्यता आएको छ ।"

नेपालगञ्जमा न्यूनतम रु दुई लाखदेखि दुई करोडसम्म लगानी भएका ठूलो संख्यामा मध्यमस्तरका होटल सञ्चालनमा छन् । मध्यमस्तरका होटल बन्द हुँदा सयौँ नागरिकको रोजगारी गुमेको अध्यक्ष खड्काको भनाइ छ ।

नेपालगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष टङ्क धामीले सङ्घीयताको कार्यान्वयनसँगै नेपालगञ्जमा रहेका प्रदेशस्तरका सरकारी तथा गैरसरकारी कार्यालय बुटवल र दाङतर्फ स्तानान्तरण भएपछि यहाँ व्यापारिक चहलपहलमा कमी आएको जनाए । आर्थिक सङ्कटमा पर्दै गएको होटल व्यवसायलाई लक्षित गरेर प्रदेश र स्थानीय सरकारले राहतको 'प्याकेज' ल्याउनुपर्ने उनको भनाइ छ ।

**लिलामी मार्फत सवारी साधन बिक्री सम्बन्धी सूचना ।**

सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था लि.को स्वामित्वमा रहेको सवारी साधन लिलामी मार्फत बिक्री गर्न लागिएको हुँदा इच्छुक व्यक्ति वा संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस कार्यालयमा प्रस्ताव पेश गर्न सक्नुहुनेछ ।

| | |
|---|---|
| कम्पनीको नाम | : Honda MC LTD |
| मोडेल | : Shine (2015) 125 cc |
| च्यासिस नं. | : ME4JC652JF708868 |
| इन्जिन नं. | : JC65E70291376 |
| सम्पर्क नं. | : ०७१-५३०९९९ |
| ठेगाना | : सेवा केन्द्र बुटवल, ट्राफिकचोक |

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



**कोल्ड स्टोरमा आलु भण्डारणः**
रामपुर नगरपालिकाले चिस्यान केन्द्रमा बिउ आलु र खाने आलु भण्डारण गर्न सुरु गरेपछि कोल्ड स्टोरमा आलु भण्डारण गर्न कृषकहरुको भीड । लुम्बिनी प्रदेश सरकार र रामपुर नगरपालिकाको समपुरक कोषबाट रामपुरमा कोल्ड स्टोर बनेपछि कृषकहरुको आलु उत्पादन बढेको छ। *तस्विरः बासुदेव ढकाल*

### दाउन्नेमा सास्तीः

# १४ किलोमिटर पार गर्न १० घण्टा



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

पछिल्लो समय बुटवल-नारायणगढ सडक खण्डको कामले तीब्रता पाएको छ। तर, दाउन्ने खण्डमा भने सडक विस्तारको काम सुरु गरेसँगै यात्रा कष्टकर बन्न पुगेको छ।

दाउन्ने क्षेत्रमा निर्माण कम्पनीले यात्रुलाई सहज हुने ढंगले भन्दा पनि आफू अनुकुल काम गर्न सजिलो हुने गरी काम गर्दा यात्रुहरुलाई सास्ती हुने गरेको हो । दाउन्नेको १४ किलोमिटर सडक पार गर्न सामान्य अवस्थामा २ देखि ४ घण्टा लाग्ने गरेको र पछिल्लो केही दिन यता प्रायः जसो १४ किलोमिटर पार गर्न ८ देखि १० घण्टा लाग्ने गरेको छ।

ठाउँठाउँमा ठूलाठूला खाल्डाखुल्टी, १ देखि २ फिटसम्मको धुलाम्य सडक, कल्भर्ड निर्माणका लागि काम भएका अधिकांश ठाउँमा एकतर्फी यातायात सञ्चालन आदिले गर्दा दाउन्नेको यात्रा कष्टपूर्ण बनेको छ। जसले गर्दा यात्रुहरुलाई दाउन्ने पार गर्न निक्कै सास्ती हुने गरेको छ । दुई दिनअघि कावासोतीबाट बुटवल गएका रामप्रसाद श्रेष्ठले आफू जाँदा ९ र आउँदा ९ गरेर १८ घण्टा बाटोमा जाम परेको बताए ।

धुलो धुँवाले बाटो देख्नै गाह्रो हुने गरेको छ भने स्थानीयलाई धुलोले निक्कै सास्ती भएको स्थानीयले बताएका छन् ।

यसैबिच दाउन्नेमा बालुवा बोकेको टिपरको पट्टा भाँचिदा बिहीबार बिहान मात्रै ३ घण्टा सडक पूर्णरुपमा अवरुद्ध हुन पुगेको छ।

विनयी त्रिवेणी गाउँपालिका-२ घ्यू खोला नजिकै लु २ ख ४२५ नम्बरको टिपर बिग्रँदा तीन घण्टासम्म सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय पूर्वी नवलपरासीले जनाएको छ । सडक पूर्णरुपमा जाम हुने र एकतर्फी रुपमा खुल्ने क्रम नियमित जस्तो भएकोले अहिले दाउन्नेमा २४ घण्टा नै ट्राफिक खटाउन परेको जल्ला ट्राफिक कार्यालय नवलपुरका कार्यालय प्रमुख जनक बन्जाराले बताए ।

सडक विस्तारको क्रममा रहेको यस सडक खण्डमा पहाड काट्ने, कल्भर्ट निर्माण जस्ता कामले हरेक दिन सवारी जाम हुने गरेको छ । साँघुरो सडकमा एउटा सवारी बिग्रँदा पनि जाम हुने समस्याले यात्रुले सास्ती पाएका छन् ।

# नयाँ वर्षमा बुटवल सडक खाना महोत्सव



बुटवल । रेष्टुरेण्ट एण्ड बार एशोसियसन संघ रुपन्देही (रेबन) को आयोजनामा नेपाली नयाँ वर्ष २०८२ को अवसरमा बुटवल सडक खाना महोत्सव हुने भएको छ । आर्थिक संकट भएको बेला आन्तरिक पर्यटनलाई बढावा दिनेगरी सडक खाना महोत्सवबाट पर्यटनमार्फत् चलायमान बनाउने लक्ष्य रहेको अध्यक्ष प्रशन्न कोइरालाले बताए।

तीनकुनेदेखि शिवालय मन्दिरसम्म सञ्चालन हुने महोत्सवहरुको तयारी अन्तिम चरणमा पुगेको उनले बताए । चैत ३० गतेबाट १ गतेसम्म ३ दिने कार्यक्रम हुने उनले जनाए । नेपाली नयाँ वर्षमा सडक महोत्सवलाई निरन्तरता दिने उनले बताए। नेपाली मौलिक खानाका परिकार प्रस्तुत गर्ने स्टलहरुलाई निःशुल्क व्यवस्थापन गरिएको उनले बताए। रेबनको अगुवाइमा २०८० सालमा पहिलो पटक रात्रिकालिन बजारमा अवधारणा ल्याएको दाबी गर्दै यसमा सबै सरोकारवाला निकायबाट सहकार्य जरुरी रहेको उनले जानकारी दिए। टोल समितिहरुसँग समन्वय गरी सहकार्यमा कार्यक्रम गर्न लागेको उनले बताए । करीब २५ लाख रुपैयाँ खर्च हुने अनुमान रहेको कार्यक्रमलाई स्थानीय सरकार र स्पोन्सरबाट सहयोग भएको उनले बताए । सास्कृतिक कार्यक्रममा स्थानिय कलाकारहरुलाई प्राथमिकता दिने र महोत्सवमा ५० स्टलहरु सहभागी हुने उनले बताए।

महोत्सवमा खानाका परिकारसँगै मनोरञ्जनका नयाँ नयाँ प्रविधि, कला संस्कृतिलाई समेत अवसर दिएको उपाध्यक्ष लक्ष्मण श्रेष्ठले बताए । सिसिटिभिबाट समेत निगरानी गरिने उनले जनाए । कार्यक्रममा टिक टक च्यालेन्ज समेत आयोजना गरिने सचिव अतीत तरामु मगरले बताए । जसमा सर्वाधिक भ्युज हुने दर्शकलाई गिफ्ट हेम्परबाट पुरस्कृत गरिने उनले जानमकारी दिए। बिस २०७८ सालमा स्थापना भएको रेबनमा ९२ जना सदस्यहरु आबद्ध रहेका छन् ।

# पानी उद्योगमा छैनन् प्रयोगशाला

तुलसीपुर। दाङका पानी उद्योगमा प्रयोगशाला नभएको पाइएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय तुलसीपुरका अनुसार दाङमा सञ्चालित पानी उद्योगहरुमा प्रयोगशाला नभएको पाइएको हो।

तत्काल प्रयोगशाला सञ्चालनमा ल्याउन निर्देशन दिएको कार्यालयका सूचना अधिकारी विवेककुमार सुवेदीले बताए। "हामीले जिल्लाका सबै पानी उत्पादन तथा प्रशोधन उद्योगको अनुगमन गऱ्यौं", उनले भने-"तत्काल प्रयोगशाला सञ्चालन गरेर प्रमाणसहित कार्यालयमा जानकारी दिन भनेका छौं।"

सूचना अधिकारी सुवेदीका अनुसार प्रयोगशाला नहुँदा उपभोक्ता अशुद्ध पानी पिउन बाध्य छन् । प्रशोधित पिउने पानी उत्पादन मापदण्डसम्बन्धी निर्देशिका-२०७४ अनुसार प्रयोगशालाको व्यवस्था गर्नुपर्ने उल्लेख छ । प्रयोगशाला नराखेको सन्दर्भमा प्रत्येक महिनामा एक पटक प्रशोधित तथा अप्रशोधित पानीको भौतिक तथा रसायनिक विश्लेषण मान्यताप्राप्त प्रयोगशालाबाट गराउनुपर्ने कुरा उल्लेख छ। तर, यसमा पानी उद्योगले ख्याल नगरेको उनको भनाइ छ।

"उद्योगहरुले 'आरो मेसिन'बाट पानी प्रशोधन गरेर सिधै बजार पठाउने गरेका छन् । तर, उपकरणमा केही समस्या आएमा त्यो पानी शुद्ध छ की छैन, भनेर प्रयोगशालामा मात्रै परीक्षण गरेर बजार पठाउनुपर्ने भए पनि त्यसो हुन सकेको छैन।"-सूचना अधिकारी सुवेदीले भने।

जिल्लामा हाल १२ पानी उद्योग सञ्चालनमा छन्। तीमध्ये तुलसीपुर-९ स्थित 'भद्रकाली ड्रिङ्किङ वाटर'ले प्रयोगशाला सञ्चालनमा ल्याएको सूचना अधिकारी सुवेदीले बताए । ती सबै उद्योगलाई प्रयोगशालाको व्यवस्था गर्न लिखित निर्देशन दिइएको उनले जनाए। जिल्लामा २० पानी उद्योग दर्ता छन्।

# ६७ सहकारीले अझैं बुझाएनन् प्रतिवेदन




**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

वालिङ नगरपालिकालाई कार्यक्षेत्र बनाइ दर्ता भएका अधिकांश सहकारीहरुले वार्षिक साधरणसभाको प्रतिवेदन अझैं बुझाएका छैनन् । वालिङ नगरको सहकारी शाखाको तथ्याङ्क अनुसार ६७ सहकारीले वार्षिक साधरणसभाको प्रतिवेदन बुझाउन आएका छैनन् । वालिङ नगरपालिकामा १०२ ओटा विभिन्न उद्देश्य राखेर सहकारीहरु दर्ता भएका छन्। तर पौष मसान्तसम्म सहकारीले बुझाउनुपर्ने वार्षिक साधरणसभाको प्रतिवेदन नबुझाउनेमा ६७ सहकारी रहेका छन्। नगरको सहकारी शाखाका अनुसार अहिलेसम्म जम्मा ३५ सहकारीले मात्रै साधरणसभाको प्रतिवेदन बुझाएको तथ्याङ्क छ।

वालिङ नगरपालिकाले फागुन महिनाभित्र साधरणसभाको प्रतिवेदन बुझाउन सार्वजनिक सूचना जारी गरेको थियो । तर अझैं ६७ सहकारीले प्रतिवेदन बुझाउन नआएको सहकारी शाखाका प्रमुख भुवानी तिवारीले जानकारी दिए । आर्थिक वर्ष २०८१/०८२ सुरु भएसँगै वालिङ नगरपालिकाले पौष मसान्तभित्र साधरणसभा सम्पन्न गरी प्रतिवेदन बुझाउन अनुरोध गरेको थियो। नियमन निकायको पत्रलाई समेत वालिङका अधिकांश सहकारीहरुले बेवास्ता गरेको देखिएको छ। फागुन महिनाभित्र पनि धेरै सहकारीले प्रतिवेदन बुझाउन नआएपछि सहकारी शाखाले वडातहमा नै पत्र पठाएर सहकारीहरुको अवस्थाका बारेमा जानकारी दिन अनुरोध गरेको तिवारीले बताए।

सहकारीहरुले वडाको सिफारीका आधारमा नगरपालिकाले दर्ताको अनुमति दिएको थियो। सोही आधारलाई टेकेर प्रत्येका वडामा भएका सहकारीहरुको नामसहित ति सहकारीको अवस्थाबारे जानकारी दिन अनुरोध गरेको नगरपालिकाले जनाएको छ । 'प्रतिवेदन नबुझाउने सहकारीहरु खारेजी गर्नुपर्ने हो वा होइन भन्ने विषयसहित पत्राचार गरिएको छ,' तिवारीले भने-'वडास्तरलाई समेत जिम्मेवारी दिने काम गरेका छौं, चैत्र महिनाभित्र प्रतिवेदन नबुझाउने सहकारीको बारेमा जानकारी दिन अनुरोध गरेका हौं।'-वडास्तरबाट आएको सुझावका आधारमा प्रतिवेदन नबुझाउने सहकारीहरुलाई खारेजीको प्रक्रिया अगाडि बढाइने तिवारीको भनाइ छ।

पब्लिक आवाजले तीन महिना अगाडि ६८ सहकारी निष्कृय रहेको खबर सार्वजनिक गरेको थियो । यो खबर सार्वजनिक गरेपछि यो पटक भने ६७ सहकारीमा झरेको छ। अझैं पनि ठूलो संख्यामा रहेका सहकारीहरुले प्रतिवेदन बुझाउन प्रयास समेत गरेका छैनन्। वालिङ नगरपालिकाले पटक–पटक प्रतिवेदन बुझाउन आग्रह गर्दा पनि ६७ सहकारीले प्रतिवेदन नबुझाएपछि यी सहकारीहरु निष्कृय हुनुपर्छ भन्ने बुझ्न सकिन्छ । जिल्लामा सबैभन्दा बढी सहकारी संकटग्रस्त देखिएको वालिङ हो । सहकारीहरुमा समस्या आएपछि वालिङ नगरपालिकाले प्रतिवेदन नबुझाउने सहकारीहरु खारेजी प्रक्रियामा अगाडि बढेको छ। वालिङ नगरकै सहकारी ऐन २०७४ अनुसार प्रत्येक सहकारीले ५ महिनाभित्र प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था र प्रतिवेदन नबुझाउने सहकारीहरु निष्कृय रहेको मानिनेछ भन्ने उल्लेख गरेको छ। उक्त ऐनलाई कार्यान्वयन गर्न वालिङ नगर सहकारी शाखाले सक्रियता बढाएको छ।

कुन–कुन सहकारीले बुझाए प्रतिवेदन

वालिङ नगरपालिकामा दर्ता भएर कार्य सञ्चालन गर्दै आएका ३५ सहकारीले ढिलोगरी भए पनि वार्षिक प्रतिवेदन बुझाएका छन्। सहकारी शाखाले दिएको तथ्याङ्कअनुसार उल्लेखित सहकारीहरुले प्रतिवेदन बुझाएका छन्। प्रतिवेदन बुझाएका सहकारीहरुले पौष मसान्तभित्र वार्षिक साधरणसभा सम्पन्न गरेको प्रतिवेदन बुझाएको देखिएको छ । प्रतिवेदन बुझाउनेमा तारादेवी महिला विकास बचत तथा ऋण सहकारी वालिङ ६, जनकल्याण साना किसान कृषि सहकारी वालिङ २, नेपाल आदर्श बहुउद्देश्यीय सहकारी वालिङ ८, वालिङ कर्मचारी बचत तथा ऋण सहकारी वालिङ ८, सिर्सेकोट साना किसान कृषि सहकारी वालिङ १२, भयर कृषि सहकारी वालिङ १३, अर्मादी बचत तथा ऋण सहकारी वालिङ २, राधाकृष्ण बचत तथा ऋण सहकारी वालिङ ८, हाम्रो बहुउद्देश्यीय सहकारी वालिङ १० रहेका छन्।

यसैगरी डौवा बचत तथा ऋण सहकारी वालिङ ११, ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी वालिङ ६, मनोहर बचत तथा ऋण सहकारी वालिङ ६, बराहकालिका बचत तथा ऋण सहकारी वालिङ १, सागरदेवी बचत तथा ऋण सहकारी वालिङ १, मितेरी बचत तथा ऋण सहकारी वालिङ ८, नारी जागरण बचत तथा ऋण सहकारी वालिङ ९, स्वाभिमान महिला बचत तथा ऋण सहकारी वालिङ ९, जनमुखी बहुउद्देश्यीय सहकारी वालिङ १, फूलबारी बचत तथा ऋण सहकारी वालिङ १०, वालिङ बचत तथा ऋण सहकारी वालिङ ८, मेरो बचत तथा ऋण सहकारी वालिङ ६, सप्तरङ्गी कृषि सहकारी वालिङ ९, महालक्ष्मी बहुउद्देश्यीय सहकारी वालिङ ८ रहेका छन्।

यता भिमसेन बहुउद्देश्यीय सहकारी वालिङ, नमस्ते बचत तथा ऋण सहकारी वालिङ ८, त्रियासी कृषि उपज तथा बजार व्यवस्थापन सहकारी वालिङ १, आरक्षी बहुउद्देश्यीय सहकारी वालिङ ९, गाउँबेसी बचत तथा ऋण सहकारी वालिङ ९, कानुङ आँधीखोला बचत तथा ऋण सहकारी वालिङ ९, साथीभाइ बहुउद्देश्यीय सहकारी वालिङ ८, बोलबम बहुउद्देश्यीय सहकारी वालिङ ८, रामबाच्छा बचत तथा ऋण सहकारी वालिङ १, सुनौलो कृषि तथा बजार व्यवस्थापन सहकारी वालिङ २, गह्रौकालिका साना किसान कृषि सहकारी वालिङ १०, वालिङ साना किसान कृषि सहकारी वालिङ ९ ले नगरपालिकामा प्रतिवेदन बुझाएका छन्।

# कृषकलाई कृषि औजार वितरण



बुटवल । तिलोत्तमा नगरपालिकाले कृषकलाई अनुदानमा कृषि औजार वितरण गरेको छ । तिलोत्तमा नगरपालिकाको ५० प्रतिशत अनुदानमा नगरभित्रका किसानहरुका लागि हाते ट्र्याक्टर, स्प्रेयर मेसिन (औषधि तथा पानी छिट्ने मेसिन), रिपर(धान, गहुँ तथा बाली काट्ने मेसिन ), ब्रास कटरलगायतका कृषि औजार बितरण गरेको छ।

कृषि उपजको उत्पादन वृद्धि र लागत घटाउने उद्देश्यसहित परम्परागतखेती प्रणालीको विकल्पमा यान्त्रिकीकरण र आधुनिकीकरण गर्न अग्रसर बनाउने उद्देश्यले नगरपालिका कार्यालयको ५० प्रतिशत अनुदानमा करिव ५ लाखको कृषि औजार वितरण गरेको कृषि शाखाका प्रमुख दोमलाल भुसालले जानकारी दिए । औजार वितरण गरेपछि काममा सहजता पनि हुने र काम गर्नेले पालैसँग जोत्दा रोजगार पनि पाउने भएकाले यान्त्रिकीकरणलाई जोड दिएको नगर प्रमुख रामकृष्ण खाँणको भनाइ छ। किसानलाई कृषिकार्यमा उत्साह र उत्प्रेरण प्रदान गर्न कृषि वस्तु उत्पादन र खेती प्रणालीमा सहजता प्रदान गर्न नगरपालिकाले किसानलाई सहयोग गर्ने नगर प्रमुख खाँणले बताए । किसानले उत्पादन गरेको वस्तुलाई बजारीकरण गर्न पालिकाले सहयोग पनि गर्ने नगरप्रमुख खाँणले जनाए।

सो अवसरमा बोल्दै कार्यक्रमका अध्यक्ष तथा तिलोत्तमा-६ का वडाध्यक्ष गणेश पाठकले कृषि गर्ने विशुद्ध कृषकको माग र प्रस्तावका आधरमा औजार वितरण गरिएकोले यसमा अन्य औजार नपाउने कृषकले आगामी दिनमा प्रस्ताव गरे पाउने र पाएकाहरुले औजारको सदुपयोग गर्नुपर्ने बताए।

कार्यक्रममा वडा नम्बर ६, ८, १४, १५ र १७ का करिव २२ जना कृषकलाई औजार हस्तान्तरण गरिएको थियो। कृषकको तर्फबाट बोल्दै उनीहरुले औजार किन्न र सामूहिक रुपमा खेती गर्न असहज भएकोले नगरपालिकाले दिएको अनुदानमार्फत् किनेको औजारले कृषकको मुहारमा खुसी ल्याएको र औजारको सही सदुपयोग गर्ने बताएका थिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com